# त्रिभुवन विश्वविद्यालय
# कोभिड रेस्पोन्स समिति-२०७८

च.नं. २०
प.सं. २०७८/०७९

मितिः २०७८।१०।०२

श्री कार्यालय/विभाग/केन्द्र/महाशाखा/अस्पताल/स्कूल

**विषय : त्रिविका कार्यालय/निकायहरूबाट सेवा प्रवाह तथा कार्यालयमा काम गर्दा अपनाउनु पर्ने स्वास्थ्य सावधानीहरू ।**

कोभिड-१९ को दोस्रो लहर समाप्त नहुदैं हाल देखिएको नयाँ भेरियन्ट ओमिक्रोन अत्यन्त संक्रामक रहेकोले यसले महामारी फैलाउन सक्ने भएको हुँदा विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरूले आफु कार्यरत निकाय/कार्यालयहरूमा काम गर्दा वा सेवा प्रवाह गर्दा नेपाल सरकारबाट निर्धारित स्वास्थ्य सुरक्षा मापदण्ड कायमै राख्नु पर्ने देखिन्छ । महामारी फैलाउन सक्ने उक्त भेरियन्ट (ओमिक्रोन) कसरी, कहिले र कहाँबाट सर्दछ यकिन गर्न नसकिने हुदाँ स्वास्थ्य सुरक्षा सावधानी अपनाउनु नै यसको संक्रमणबाट बच्ने उत्तम उपाय भएको हुदाँ विश्वविद्यालय भित्रबाट सेवा प्रवाह गर्दा वा आफ्ना निकाय/कार्यालय संचालन गर्दा हामी सबैले स्वास्थ्य सुरक्षाका सावधानीहरू अपनाउनु जरूरी छ ।

**त्रिविका कार्यालय/निकायहरूबाट सेवा प्रवाह तथा कार्यालयमा काम गर्दा अपनाउनु पर्ने स्वास्थ्य सावधानीहरू ।**

१. कोही व्यक्तिसँग कार्यकक्षमा कुरा गर्नु परेमा कम्तीमा दुई मिटरको दूरीमा सम्मुख नहुने गरी कुरा गर्ने र सकेसम्म छोटो समय कामको बारेमा मात्र कुरा गर्ने ।
२. आफ्नो कार्यालयको भूई, भऱ्याङको रेलिङ, कुर्सीको ह्याण्डल दिनमा कम्तीमा दुई पटक ०.५% सोडियम हाइपोक्लोराईडको घोलले सफा गर्ने ।
३. बाहिरी आगन्तुकहरूलाई अत्यावश्यक काम विना आफ्नो कार्यकक्षमा नबोलाउने ।
४. कार्यालयमा काम गर्दा वा सेवा प्रवाह गर्दा आ-आफ्नो कार्यकक्षबाटै गर्ने र भौतिक रूपमै भेट्नु पर्ने अति आवश्यक कार्य नपरेसम्म अरूको कार्यकक्षमा नजाने । अरूको कार्यक्षमा जाँदा सम्बन्धित व्यक्तिको अनुमति लिएर मास्क र ह्याण्ड स्यानिटाइजर प्रयोग गरेर मात्र प्रवेश गर्ने ।
५. कार्यालयको कामको सिलसिलामा एक कर्मचारी र अर्को कर्मचारी वा सेवाग्राही बीच कुरा गर्नु पर्दा सकेसम्म फोन, ईमेल, व्हाट्सएप, भाईवर वा अन्य बैकल्पिक माध्यमको प्रयोग गर्ने ।
६. बारम्वार हात गैरहने ढोकाको ह्यान्डल, शौचालयको फ्लस, धाराको टुटी वा अर्काको टेवल वा मेचमा समाए पछि साबुन पानीले हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने ।
७. कार्यकक्षमा बस्दा वा काम गर्दा मास्क, हातमा रबरको पञ्जा, आँखामा चस्मा वा फेसशिल्ड लगाउने ।

# त्रिभुवन विश्वविद्यालय
# कोभिड रेस्पोन्स समिति-२०७८

८. स्यानिटाईजर प्रयोग गर्दा ७५% शुद्ध इथानोल वा आइसोप्रोपानोल भएको गुणस्तरीय स्यानिटाइजर प्रयोग गर्ने ।

९. अन्यत्रबाट प्राप्त कुनै पनि डकुमेन्ट वा कागजपत्र यूभी च्याम्बरमा कम्तीमा ३० मिनेट वा अन्य माध्यमबाट निर्मलीकरण गरी सम्बन्धित निकायमा पठाउने ।

१०. कार्यालय आउँदा जाँदा वा अन्य समयमा सम्भव भएसम्म आफ्नै सवारी साधन प्रयोग गर्ने । विश्वविद्यालयको सवारी साधन प्रयोग गर्नु परेमा सानो सवारी साधन बढीमा ३ जनाले र बस वा भ्यान प्रयोग गर्दा मास्क, स्यानिटाइजर तथा फेसशिल्डको प्रयोग गर्ने ।

११. कुनै कर्मचारी रहेको कार्यकक्षमा कोरोना संक्रमण देखिएमा तुरून्त उक्त स्थानलाई सील गरी यथासक्य छिटो निर्मलीकरण गर्ने र स्वास्थ्य मापदण्ड अनुरूप कन्ट्याक्ट ट्रेसिङ्ग गरी आइसोलेसनमा बस्ने ।

१२. विश्वविद्यालयको निकायहरूमा कोरोना संक्रमण भएमा अवस्थाको वारेमा त्रिवि जनसम्पर्क महाशाखाको ईमेल info@tu.edu.np मार्फत अविलम्व जानकारी गराउने ।

१३. रूघा खोकी वा कोरोनाको जस्तो लक्षण देखिएमा तुरून्त परीक्षण गर्ने र परीक्षणको नतिजा नआउञ्जेल सम्म अफिस नजाने

१४. कोही कोरोना संक्रमितसँग सम्पर्क भएमा तीन दिन क्वारेन्टाइनमा बस्ने र पिसिआर टेष्ट गर्ने ।

..........................................

योगेन्द्रप्रसाद दाहाल

सदस्य सचिव

TUCRC (त्रिवि कोभिड रेस्पोन्स समिति)